जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः ११, अंकः ३९ पृष्ठः ४ | २०८१ जेष्ठ १८ गते शुक्रबार (Friday 31 May 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जनमतको नेतृत्वमा मधेस प्रदेशमा सरकार बनाउने सहमति



धनुषा, १७ जेठ। मधेस प्रदेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति गरिएको छ। बिहीबार बसेको दलहरूको बैठकले जनमतको नेतृत्वमा सरकार बनाउने सहमति भएको हो। बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, 'सरकारमा सहभागी भएका दलहरूका बिचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने तथा नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सकारात्मक अन्य दलहरूसँग पनि संवाद अघि बढाउने निर्णय भएको छ।'

जनमतको नेतृत्वमा सरकार बनाउने ५ दलबिच सहमति भएको भनिएपनि विज्ञप्तिमा भने ३ दलको मात्रै हस्ताक्षर रहेको छ। नेपाली कांग्रेससहित जसपा नेपाल, लोसपा र एकीकृत समाजवादी मिलेर सरकार बनाउने फल भइरहेको बेला प्रमुख दल एमाले, माओवादी केन्द्र र जनमतबीच यस्तो सहमति भएको हो। मधेशमा कांग्रेस, जसपा नेपाल, लोसपा र एकीकृत समाजवादी मिलेमा बहुमत पुग्ने देखिन्छ। १०७ सदस्यीय प्रदेश सभामा कांग्रेसका २२, जसपा नेपालका १९, लोसपाका ९ र एकीकृत समाजवादीका ७ सांसद गरि ५७ मत हुन्छ, जुन बहुमतका लागि आवश्यक ५४ भन्दा बढी हो। प्रदेशमा एमालेका २५, जनमतका १३ र माओवादी केन्द्रका ७ सांसद रहेका छन्।

## इन्सपेक्टर खड्का बने धनुषाको उत्कृष्ट प्रहरी



जनकपुर, १७ जेठ। जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत प्रहरी निरीक्षक नवराज खड्का बैशाख महिनाको उत्कृष्ट प्रहरी घोषित भएका छन्। खड्काले उत्कृष्ट कार्यसम्पादन गरेकोले उक्त कार्यको उच्च मूल्यांकनको आधारमा जिल्ला प्रहरी कार्यालयले उत्कृष्ट प्रहरी 'POLICE OF THE MONTH' अवार्डले सम्मान गरेको हो।

बिहीबार धनुषाका प्रहरी प्रमुख प्रहरी उपरिक्षक भुवनेश्वर तिवारीले उनलाई प्रशंसा पत्र प्रदान गर्दै उत्कृष्ट प्रहरी अवार्डले पुरस्कृत गरेका छन्। इन्सपेक्टर खड्काले अपराध अनुसन्धान र नियन्त्रणको क्षेत्रमा बैशाख महिनाभरीमा उत्कृष्ट भूमिका खेलेको बताइएको छ। गत बैशाख २४ गते जनकपुरधाममा सहकारीको ८० लुटपाट भएको घटनामा संलग्न व्यक्तिहरुमध्ये १४ लाख ५३ हजार रुपैयासहित तीन जना व्यक्तिहरुलाई पक्राउ गर्न महत्वपूर्ण भूमिका खेलेको, बैशाख महिनामा अन्दाजी ३०९ किलोग्राम लागूऔषध गाँदा बरामद

-बाँकी तीन पेजमा

## पाँच दिनका लागि बन्द

जनकपुर, १७ जेठ। गर्मी बढेपछि जनकपुरधाम उपमहानगरपालिकामा आजदेखि पाँच दिनसम्म विद्यालय बन्द भएको छ। अत्यधिक गर्मीलाई मध्यनजर गर्दै विहीबारदेखि जेठ २१ गतेसम्मका लागि विद्यालयहरूमा बिदा दिइएको उपमहानगरपालिकाले जनाएको छ। बर्खे बिदाबाट कट्टा हुने गरी सामुदायिक तथा संस्थागत विद्यालय पाँच दिन बन्द रहने उपमहानगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत उपसचिव मेहिलाल यादवले जारी गरेको सूचनामा उल्लेख छ। अत्यधिक गर्मी बढेसँगै तराईका अरू विद्यालयहरूमा पनि बिदा दिइएको छ।

## मधेशका ९५ प्रतिशत सहकारी संस्था 'गायब', खोजी गर्दै मधेश सरकार

**वाहिद हदीस**

जनकपुर, १७ जेठ। मधेश प्रदेशका ९५ प्रतिशत सहकारी संस्थाहरू विगत ६ वर्षदेखि 'गायब' रहेको पाइएको छ। सहकारी संस्थाहरूले सर्वसधारणले बचत हिनामिना गरिरहेका बेला मधेश प्रदेश सरकारले सरकारी संस्थाहरूको खोजबिन गर्दा यस्तो तथ्य फेला परेको हो। सर्वसधारण जनताले बचत गरेको पैसा डुबाउने तथा दर्ता भएको लामो समय भइसक्दा पनि त्यसलाई नवीकरण नगराउने, मन्त्रालयमा नियमित विवरण नबुझाउने सहकारी संस्थाहरूलाई प्रदेश सरकारको भुमि




व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले खोजिबिन सुरु गरेको छ। प्रदेशका ७ सय ८२ बटा सहकारी

-बाँकी अन्तिम पेजमा

## अभिमुखिकरण कार्यक्रम सम्पन्न

सिरहा, १७ जेठ। दलित जनकल्याण युवा क्लवमा कार्यरत विभिन्न परियोजनाहरु द विकन,स्थानीय अधिकार कार्यक्रम ३६, एकीकृत जिविकोपार्जन सुधार कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई संस्थाको सुरक्षण नीति बारे छलफल कार्यक्रम २७ मे का दिन सम्पन्न गरिएको छ। संस्थामा विभिन्न परियोजनामा कार्यरत कर्मचारीहरुलाई संस्थाको सुरक्षण नीतिका बारेमा जानकारी गराउने उद्देश्यले संचालन गरीएको छलफल कार्यक्रम संचालन गरिएको थियो। अभिमुखिकरण संस्थाका सुरक्षण अधिकारी कविता चौधरीद्वारा सहजीकरण गर्नु भएको थियो। कार्यक्रममा सहभागीहरुले आ-आफ्ना मनमा लागेका जिज्ञासाहरुका बारेमा छलफल समेत गरेका थिए। कार्यक्रममा २० जनाको सहभागीता रहेको थियो। जसमा १२ जना महिला र ८ जना पुरुष रहेका थिए।




## महिनावारी स्वच्छता मेला सम्पन्न

**एलिना हिङ्गमाङ्ग**

लहान, १७ जेठ। 'महिनावारी मैत्री विश्व' भन्ने मुल नाराका साथ विश्व महिनावारी स्वच्छता मेला लहान नगरपालिकाको सभा हलमा सम्पन्न गरिएको छ। दलित जनकल्याण युवा क्लव, वाटर एड नेपाल, नेपाल खानेपानी संस्थान र लहान नगरपालिकाको संयुक्त आयोजनामा मेलामा वास युनिट र सिएम सि नेपाल पनि सह-आयोजकका रुपमा रहेका थिए।

महिनावारीका बारेमा विद्यालयका विद्यार्थीहरु लगायत अन्यलाई समेत जानकारी गराउने उद्देश्यले संचालन गरीएको उक्त मेलाममा लहान नगरपालिका भित्रका १३ वटा विद्यालयका करीव ४ सय जना शिक्षक तथा विद्यार्थीहरुको सहभागीता रहेको थियो। मेलाको उद्घाटन सत्रमा प्रमुख अतिथीको रुपमा वोल्नु हुदै लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले महिनावारीका बारेमा समाजमा रही आएको हानिकाराक परम्परा, कुरितीहरुलाई जनचेतनामुलक कार्यक्रमहरुको माध्यमबाट हटाउदै लैजानुपर्ने वताए।

त्यसैगरी सरसफाई अभियान्ता धिरेन्द्र साहले महिलाहरुले महिनावारीको समयमा सरसफाईमा विशेष ध्यान दियो भने पाठेघर स्वच्छ हुन्छ र पाठेघर स्वच्छ भएमा महिनावारी पनि स्वच्छ हुने वताए। त्यसैगरी मेलामा नेपाल पत्रकार महासंघ सिरहा शाखाका सभापति मनोज वनैता, श्री माध्यामिक विद्यालय हनुमानगर ब्रम्हाण गौछाडीका प्रधानाध्यापक राजेन्द्र प्रसाद यादव, श्री माध्यामिक विद्यालय पडरिया थारु टोलका शिक्षक सुकुमाया रमौली लहान नगरपालिकाका कार्यक्रम संयोजक महेश्वरी चौधरी लगायतले महिनावारी स्वच्छताको विषयमा आ-आफ्ना धारणा राख्नु भएको थियो।

मेलामा लहान नगरपालिका भित्रका श्री आधारभूत विद्यालय लहान १ सिङ्गराही मटियर्वा, श्री लक्ष्मण ललिता कुशवाहा माध्यामिक विद्यालय, रघुनाथपुर लहान ३, श्री माध्यामिक विद्यालय हनुमानगर ब्रम्हाण गौछाडी, श्री माध्यामिक विद्यालय पडरिया थारु टोल, श्री पशुपति आदर्श माध्यामिक विद्यालय, श्री माध्यामिक विद्यालय लहान गोठ, श्री जनता माध्यामिक विद्यालय वैरिया गुदिगाँउ लहान १०, श्री लेखनाथ माध्यामिक विद्यालय लहान २४, श्री माध्यामिक विद्यालय तरेगाना लहान १६, श्री सगरमाथा माध्यामिक विद्यालय ढोडना लहान १५ श्री माध्यामिक विद्यालय लहान ११ पिडरवोनी, श्री राजाजी वावा माध्यामिक विद्यालय र समता स्कुलको सहभागीता रहेको थियो। महिनावारी भार होईन, प्राकृतिक वरदान हो। महिनावारी स्वच्छ हो

-बाँकी तीन पेजमा

# सम्पादकीय

## प्रदेश प्रमुख र सभामुखले राजीनामा देऊ !

दलगत राजनीतिबाट माथि उठ्नुपर्ने संवैधानिक पदाधिकारीको बदनियत, पदलोलुपता र संविधानको अवज्ञा गर्ने प्रवृत्तिले संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै कमजोर बनाएको छ। गण्डकी प्रदेशका प्रमुख र सभामुख यसरी शासन पद्धतिलाई कमजोर र बदनाम गराउने पछिल्ला संवैधानिक पदाधिकारी ठहरिन पुगेका छन्। कोसी प्रदेशमा सभामुखको समेत हस्ताक्षर गणना गरी प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्दा सर्वोच्च अदालतले बदर गर्दै सभामुख तटस्थ रहनुपर्ने संवैधानिक व्यवस्थाको व्याख्या गरेको थियो। विडम्बना, गण्डकी प्रदेश प्रमुखले संविधान र सर्वोच्च अदालतको नजिरको जानाजान अवज्ञा गरेर सभामुखसमेतलाई गणना गरी मुख्यमन्त्री नियुक्त गरिदिए।

नेपालको संविधानको धारा १८८ को उपधारा (३) मा 'तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित' हुनुपर्ने स्पष्ट लेखिएको छ। तर, सर्वोच्च अदालतकै एउटा संयुक्त इजलासले स्पष्ट संवैधानिक व्यवस्थासमेत अस्पष्ट हुनेगरी बहुमतको व्याख्या गरिदिएको थियो। नियुक्तिका हकमा संयुक्त इजलासले गरेको व्याख्याको आड लिएर गण्डकी प्रदेश सभाका सभामुखले ६० सदस्यीय प्रदेश सभामा ३० मतमात्र प्राप्त गर्दा पनि मुख्यमन्त्रीले 'विश्वासको मत' पाएको घोषणा गरिदिए। यसबाट बहुमतका लागि कम्तीमा ३१ मत आवश्यक हुने स्ष्ट संवैधानिक व्यवस्था उल्लंघन भयो।

यसरी गण्डकी प्रदेशका प्रमुख र सभामुखले जानजान संविधान र सर्वोच्च अदालतको नजिर मिचेर असंवैधानिक काम गरेको ठहर सर्वोच्च अदालतले गरिसकेको छ। लोकतन्त्रप्रति विश्वास र नैतिकताको मर्यादा राख्ने हो भने तिनले आफ्नो पदबाट राजीनामा दिनुपर्छ। जानजान संविधान मिच्नेलाई संवैधानिक पदमा बस्ने नैतिक अधिकार हुँदैन। कोसी प्रदेमा मुख्यमन्त्री नियुक्तिका लागि समर्थन गरिएको कागजमा हस्ताक्षर गरेपछि विवादमा आएको त्यहाँका सभामुखले पदबाट राजीनामा गरेको उदाहरण पनि छ। सभामुख तटस्थ बस्न नसकेको कारण कोसीमा राजीनामा गर्नुपरेको थियो भने गण्डकीमा त्यही उदाहरण किन नदोहोरिने ?

अहिले जनसाधारणमा लोकतान्त्रिक गणतन्त्रप्रति उत्पन्न वितृष्णाको एउटा कारण जानाजान संविधान मिच्नेहरूसमेत दण्डित नहुने परम्परा पनि हो। गण्डकीका प्रदेश प्रमुख र सभामुख वर्तमान संविधान र शासन व्यवस्थाप्रति निष्ठावान् छन् भने तिनले आत्मालोचनासहित पदबाट राजीनामा गर्नु उचित हुनेछ। त्यसले उनीहरूको व्यक्तिगत छवि त उज्यालो हुनेछ नै लोकतन्त्रप्रति जनतामा विश्वास जगाउनेछ।




# सिरोहियादेखि महरा र विनोद चौधरीसम्म गृहमन्त्री लामिछानेले चालेका सन्की कदम

नवराज कुँवर



प्रारम्भिक अनुसन्धानसमेत नहुँदै अदालतको अनुमति लिएर उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले ८ जेठमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई कार्यकक्षबाटै पक्राउ गराए। तीनपल्ट म्याद थपेर ९ दिनपछि १६ जेठमा उनी हाजिर जमानीमा रिहा भएका छन्। पक्राउ गर्नुअघि सिरोहिया नेपाली नै नभएको, फरक–फरक नागरिकता भएको, नागरिकतामा हस्ताक्षर र मिति नै नभएकोजस्ता हल्ला चलाइयो। यसैको आधारमा सिरोहियाविरुद्ध 'मास वेब' बन्यो। र, हठात् थापाथलीस्थित कार्यालयभित्र पसेर गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय धनुषा पुऱ्याइयो। ९ दिनपछि बुधबार जिल्ला सरकारी वकिलको कार्यालयसमेतको सहमतिमा जिल्ला प्रहरी कार्यालय धनुषाले फौजदारी कार्यविधि संहिताको दफा १५ (१) अनुसार 'थप अनुसन्धानका लागि थुनामा राखिरहन नपर्ने' भन्दै सिरोहियालाई थुनामुक्त गरेको छ।

यसको अर्थ, मामिला बाहिर हल्ला चलाइएजस्तो गम्भीर थिएन। सिरोहियालाई वंशजको नागरिकता दिने कर्मचारीमाथि अहिले आएर अनुसन्धान अघि बढाइँदैछ। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी सिरोहियाको पक्राउ अपरिपक्व, हठात र प्रतिशोधपूर्ण थियो भन्ने पुष्टि भएको बताउँछन्। 'उजुरीपछि सिरोहियाको नागरिकतामा प्रशासनिक त्रुटिहरू हुन सक्छन्, थप बुझ्नुपर्छ भन्ने प्रहरीको रायलाई लुकाएर गृहमन्त्रीले जसरी हुन्छ समातेर थुन्ने नियत राखे, त्यो अहिले प्रस्ट भएन र ?' त्रिपाठीले भने, 'यो मुद्दामा गृहमन्त्री त्यस्तो गम्भीर थिए भने सिरोहियाको नागरिकता नम्बर मिलेको भनिएको व्यक्ति, नागरिकता सिफारिस गर्ने र जारी गर्ने कर्मचारीलाई पनि सँगसँगै गिरफ्तार गरिनुपर्थ्यो।'

तर, सिरोहियालाई आवश्यक प्रक्रिया नै पूरा नगरी पक्राउ गराएर गृहमन्त्रीले प्रतिशोधपूर्ण र अपरिपक्व शैली देखाएको त्रिपाठी बताउँछन्। सिरोहिया स्वयंले पनि आफू अध्यक्ष रहेको कान्तिपुर मिडियाले सहकारी ठगीमा मुछिएका गृहमन्त्री लामिछानेविरुद्ध निरन्तर लेखिरहेकाले प्रतिशोध साँधेको आरोप लगाएका छन्। यसका विरुद्ध कानुनी उपचारमा जाने उनले बताइसकेका छन्।

गृहमन्त्री भएको २ महिना २४ दिनको अवधिमा लामिछानेले चालेका कदमहरू हल्काफुल्का र लहडी किसिमका देखिन्छन्। निर्मला हत्या प्रकरणदेखि ठूल्ठूला भ्रष्टचारका फाइल खोल्ने उद्घोष गरेर लोकरिझ्याइँ गरेका उनी अहिले स्वयम् रक्षात्मक हुँदा हठात र अपरिपक्व देखिएका छन्। सिरोहिया पक्राउअघि पनि लामिछानेले केही प्रकरणमा हात हालेर नसल्टाई बीचमै छोडेका छन्। जस्तो कि, सुन तस्करी काण्डका आरोपी पूर्वसभामुख कृष्णबहादुर महराको हकमा पनि गृहमन्त्री चुकेका थिए। २ साउन २०८० मा ब्रेक शुमा लुकाएर ल्याइएको ६१ किलो र पुस २०७९ मा विद्युतीय चुरोट (भेप) मा ल्याइएको ९ किलो सुन तस्करी प्रकरणको फाइल लामिछाने गृहमन्त्री हुनुअगावै अगाडि बढेको हो।

त्यसमा माओवादी केन्द्रका उपाध्यक्ष महरासहितका केही व्यक्तिविरुद्ध अनुसन्धान अघि बढाइएको थिएन। सत्ताको बलमा महरालाई उन्मुक्ति दिइएको भनी एमालेले संसदमा प्रश्न उठाएपछि सुन तस्करी प्रकरणबारे छानबिन गर्न १४ असोज २०८० मा जाँचबुझ आयोग गठन गरियो। २३ फागुन २०८० मा गृहमन्त्रीका रूपमा लामिछानेले शपथ लिएको ९ दिनपछि २ चैतमा आयोगको प्रतिवेदन प्रधानमन्त्रीको हातमा पुग्यो, जसमा ६८ जनालाई कारबाही गर्न सिफारिस गरिएको थियो। तीमध्ये केही प्रहरी अधिकारीलाई विभागीय कारबाही सिफारिस गरिए पनि अधिकांशलाई मुद्दा चलाउनुपर्ने आयोगको राय थियो।

तर, प्रचार महरालक्षित मात्रै गरियो। प्रधानमन्त्रीलाई बुझाएलगत्तै बुँदाबुँदामा सार्वजनिक भएको प्रतिवेदन एक चरण अध्ययन नै नगरी महराविरुद्ध मुद्दा चलाइने, पक्राउ गरिने भनेर हल्ला चलाइयो। यसपछि नै महराले काठमाडौं छोडेका थिए। भारततिर जान लागेका उनलाई प्रहरीले ५ चैतमा कपिलवस्तुबाट पक्राउ गरेको थियो। गिरफ्तारीलगत्तै अस्पताल भर्ना भएका महरा ४ दिनपछि ९ चैतमा हाजिर जमानीमा रिहा भए। यही मुद्दामा १३ भदौ २०८० मा पक्राउ गरिएका महराका छोरा राहुल जेलमै छन्। सुन तस्करीमा संलग्न चिनियाँ गिरोहसँग महराका बाउछोराले २ सय ५६ पटक फोन सम्पर्क गरेको खुलेको थियो।

सुन तस्करी प्रकरणमा जाँचबुझ आयोगको प्रतिवेदनले विभागीय कारबाहीका लागि सिफारिस गरेका प्रहरी अधिकारीलाई सरुवा गरेका गृहमन्त्रीले मुद्दा चलाउन भनिएकामध्ये महराबाहेक कसैमाथि अनुसन्धान गराउन सकेनन्। बाहिर बढी चर्चा भएका घटना र पात्रमाथि हात हाल्ने तर त्यसको गहिराइसम्म नपुग्दै छोडेर अर्कोतिर लाग्ने गृहमन्त्रीको लहडी शैली यो घटनामा पनि देखिएको थियो। 'महरालाई पक्राउ गरे मात्रै वाहवाही पाइन्छ भन्ने उहाँलाई लाग्यो, त्यही गरिदिनुभयो', त्रिपाठी भन्छन्, 'नभए खै त महराबाहेक अरु दर्जनौंलाई समातेको ? त्यसैले लहडी कामले मान्छे अल्मलाउनेबाहेक अरू उपलब्धि हासिल हुँदैन।'

उद्योगी एवं कांग्रेस सांसद विनोद चौधरीसँग बाँसबारी जग्गा हिनामिना प्रकरणमा सीआईबीले बयान लिने हल्ला उसैगरी चलाइयो। गृहसचिव, प्रहरी महानिरीक्षक र सीआईबी प्रमुखसित गृहमन्त्री लामिछानेले छलफल गरेलगत्तै यो सूचना बाहिरिएको थियो। जबकि, बयान लिने कुरा हल्ला चलाउनुपर्ने विषय नै थिएन। प्रारम्भिक अनुसन्धानले उनलाई यो प्रकरणमा संलग्न देखाएको भए अदालतबाट अनुमति लिएर पक्राउ गर्ने अधिकार प्रहरीसँग हुन्छ। तर, चौधरीसँग बयान लिइँदै भनेर सूचना पहिल्यै चुहाइएको थियो। ८ चैतमा चौधरीले सीआईबीसामु बयान दिए। त्यसपछि चौधरीलाई क्लिन चिट दिइएको वा उनीमाथि अनुसन्धान भइरहेको भन्नेबारे अत्तोपत्तो छैन। तर, गृहमन्त्रीले वाहवाही पाउनकै लागि उनलाई डामेर छोड्ने काम गरे।

नेपाल प्रहरीका पूर्व प्रहरी नायब महानिरीक्षक हेमन्त मल्ल पनि पछिल्लो समय गृह मन्त्रालयबाट भइरहेका गतिविधि असंवेदनशील रहेको बताउँछन्। कोहीसँग बयान लिने, कसैलाई पक्राउ गर्ने कुरा उसको जीवन, प्रतिष्ठासँग जोडिने भएकाले पर्याप्त अनुसन्धान र बलियो आधार फेला पारेपछि मात्रै त्यस्ता व्यक्तिविरुद्ध कदम चाल्नुपर्ने पूर्वडीआईजी मल्ल बताउँछन्। 'तर, सनक चल्यो भने पक्राउ गरिहाल्ने शैली कानुनसम्मत त हुँदैन नै, यसले प्रहरी संगठनको छविलाई नै धुमिल पार्न सक्छ', उनले भने।

गृह मन्त्रालय लोकरिझ्याइँका गतिविधि गर्ने ठाउँ नभएको भन्दै उनी भन्छन्, 'हल्काफुल्का निर्णयसँगै अचेल त माइक्रो म्यानेजमेन्ट पनि गृहमन्त्रीले नै गर्न खोजेको देखिन्छ, जुन प्रहरीले गर्नुपर्ने हो। निर्देशनहरू पनि फेसबुक र एक्समार्फत दिन थालिएको छ। यसले संगठनमा राम्रो प्रभाव पार्दैन।' पूर्वगृहसचिव गोविन्द कुसुम गृहमन्त्री हल्ला कम, काम बढी गर्नुपर्ने पद भए पनि पछिल्ला गतिविधि असंवेदनशील, हल्काफुल्का र अपरिपक्व रहेको बताउँछन्। अनुसन्धान भइरहेका विषयमा सूचना चुहाउने, कसलाई पक्राउ गरिँदैछ भनेर हल्ला फैलाउने, आवश्यक प्रक्रिया पूरा नगरी पक्राउ गर्नेजस्ता गतिविधिले गृह मन्त्रालयलाई अपरिपक्व देखाउने उनको भनाइ छ।

आलोचकहरूका अनुसार, अरुलाई मिनेट र सेकेण्ड गनेर चुनौती दिने लामिछानेले गृहमन्त्री भएको झण्डै तीन महिना हुँदासम्म मसिनोसँग कुनै पनि प्रकरणलाई पार लगाउन वा अनुसन्धान गराउन सकेका छैनन्। उनका अधिकांश निर्णय काँचा र क्षणिक छन्। मंगलबार मात्रै गृहमन्त्री लामिछानेले गणतन्त्र दिवसको अवसर भन्दै ट्राफिक नियम उल्लंघन गर्नेहरूलाई सडकमा स्वयंसेवकका रूपमा खटाउने घोषणा गरे। उनको ठाडो आदेशानुसार प्रहरीले बुधबार १३ सयभन्दा बढी चालकलाई जरिवाना तिराएर सडकमा 'ड्युटी' गर्न खटायो। 'जबकि, यसरी चालकलाई श्रम दण्ड दिन पाइने कानुन नै छैन। त्यसैले यो धेरै लामो समयसम्म टिक्ने नियम होइन', वरिष्ठ अधिवक्ता त्रिपाठीले भने, 'अझ नागरिकमाथि कार्यान्वयन गरिनुपर्ने नियम हुकुमी शैलीमा दिने नै होइन। यसका लागि ऐन, कानुन बनाउनुपर्ने वा संशोधन गर्नुपर्ने हुन्छ।'

देशमा बेथितिका चाङ छन्। भ्रष्टाचार, अनियमिततामा राजनीतिक दलका अधिकांश नेताको संलग्नता तीतो यथार्थ हो। यस्तोमा अपराध अनुसन्धानसँग जोडिने गृह मन्त्रालय सबैभन्दा गम्भीर, जिम्मेवार र प्रभावकारी हुनुपर्नेमा लोकरिझ्याइँ, प्रतिशोध र हल्लाखल्लामा रमाउनुलाई धेरैले चिन्ताको विषय भनेका छन्।

# मधेशमा सबैभन्दा धैरै बेरुजु

जनकपुर, १७ जेठ। आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशमा १ अर्ब ८५ करोड ४२ लाख ४२ हजार रुपैयाँ बराबरको बेरुजु भएको देखिएको छ। यो अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो। बुधबार महालेखापरीक्षक कार्यालयले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बुझाएको प्रदेशको छैटौं प्रतिवेदनमा प्रदेशको मन्त्रालय तथा अन्य निकायसहित १४९ वटा कार्यालयको ४७ अर्ब ९५ करोड २१ लाख ३२ हजार रुपैयाँ बराबरको गरिएको लेखापरीक्षणमा सो बेरुजु देखिएको हो। प्रदेशको १३५ सरकारी कार्यालय र १४ वटा अन्य संस्था तथा समितिको लेखापरीक्षण गरिएको हो। जसमा सरकारी कार्यालयतर्फ १ अर्ब ५९ करोड १६ लाख १७ हजार र अन्य संस्था तथा समितितर्फ २६ करोड २६ लाख २५ हजार रुपैयाँ बराबरको बेरुजु रहेको छ। प्रतिवेदनमा १४९ वटा कार्यालयको गरिएको लेखापरीक्षणमा कायम गरिएको बेरुजुमा असुल गर्नुपर्ने ७ करोड ३१ लख ३ हजार, नियमिति गर्नुपर्ने १ अर्ब ३३ करोड २५ लाख ७१ हजार र पेश्की ४४ करोड ८५ लाख ६८ हजार रहेको छ।

यसबाहेक विभिन्न योजनामा अनियमित भएको ३५ करोड ७९ लाख ४७ हजार र ९७ करोड ३९ लाख १२ हजार रुपैयाँ बिना कुनै प्रमाण कागजातकै भुक्तानी गरिएको छ। प्रतिवेदन अनुसार सबैभन्दा बढी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमा ८२ करोड, ५४ लाख, ४५ हजार बेरुजु देखिएको छ। यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ४४ करोड ६० लाख ९५ हजार, सामाजिक विकास मन्त्रालयको १२ करोड ३ लाख ९३ हजार रुपैयाँ छ। त्यस्तै उर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयको ७ करोड २८ लाख ३९ हजार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ४ करोड ९० लाख ४१ हजार र अन्य मन्त्रालय तथा निकायको ३४ करोड ४ लाख २९ हजार रुपैया बेरुजु रहेको छ। प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेश्की एक अर्ब ८३ करोड १५ लाख ६६ हजार रुपैयाँ बाँकी रहेकोमा यो वर्ष ३९ करोड ८२ लाख २१ हजार मात्र फछ्र्यौट भई १ अर्ब ४३ करोड ३३ लाख ४५ हजार बाँकी नै रहेको छ। यो वर्ष १३५ सरकारी कार्यालयको गरिएको लेखा परीक्षणमा प्रदेश सभा सचिवालयसहित १७ वटा कार्यालय र अन्य संस्था तथा समितितर्फ २ वटा कार्यालयको बेरुजु देखिएको छैन।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रतिवेदनको अध्ययन गरी प्रदेशमा आर्थिक सुशासन कायम गर्नका लागि प्रदेश सरकारलाई सुझाव दिने बताइन्। उनले महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औँल्याएका विषयहरूको कार्यान्वयनले प्रदेशमा आर्थिक अनुशासन कायम गर्नमा ठूलो मद्दत पुग्ने विश्वास राखिन्। हालसम्मको बेरुजुको अवस्था हेर्दा कोशी प्रदेशको ५ अर्ब ५८ करोड, बागमतीको ४ अर्ब २८ करोड, गण्डकीको दुई अर्ब ६८ करोड रुपैयाँ छ। त्यस्तै, लुम्बिनीको ४ अर्ब दुई करोड, कर्णालीको ३ अर्ब ९४ करोड ८२ लाख ५४ हजार र सुदूरपश्चिम प्रदेशको २ अर्ब ६८ करोड २९ लाख २९ हजार बराबर बेरुजु देखिएको छ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मंत्रालय
स्वास्थ्य निर्देशनालय

# प्रादेशिक अस्पताल सिरहा

**कार्यालय कोड नं. ३७००५१६०४२**

## शिलबन्दी कोटेशन सम्वन्धमा ।

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/१८**

यस अस्पतालको लागि तपसिलमा उल्लेखित डिप बोरिङ्ग जडान तथा आर. ओ. सप्लाय/जडान कार्य गर्नुपर्ने भएकोले यो शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ। ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र फर्म नविकरण प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ताको प्रमाणपत्र तथा आवश्यक अन्य कागजातहरु पेश गरि तपसिल बमोजिमको फारम दस्तुर नगद वा बैक  भौचर शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३७००५१६०४२ खाता नं. १०००१००२०००१०००० मा जम्मा गरी यस अस्पतालको आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सक्नेछन्।

**तपशिल**

| सूचना नं. | विवरण | फारम दस्तुर | जमानत रकम रु. | फारम खरिदको अन्तिम मिति र समय | फारम दर्ता अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| ३८/०८०/०८१ | डिप बोरिङ्ग जडान तथा आर. ओ. सप्लाय/ जडान कार्य | १०००/– | ५०,०००/– | २०८१।०२।३२ ४:०० बजे भित्र | २०८१।०३।०२ १२:०० बजे भित्र | २०८१।०३।०२ २:०० बजे |

१) शिलबन्दी दरभाउपत्र दाताले प्रदेश लेखा इकाई कार्यालय, लहान सिरहाको नाममा रा.वा.बैक सिरहामा रहेको धरौटी खाता नं. २१३०१००२०२०३०००० प्रादेशिक अस्पताल सिरहाको कार्यालय कोड ३७००५१६०४२ मा जमानत रकम जम्मा गरेको सक्कलै भौचर वा ९० दिन मान्य अवधिको बैक जमानत पत्र पेश गर्नुपर्नेछ।
२) शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजानिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनको सोहि समयमा गरिनेछ।
३) योग्यता र रीत नपुगी तथा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै कुनै शर्त राखी प्रस्ताव स्वीकार गरिने छैन।
४) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजानिक खरिद ऐन २०६३ र नियमावली २०६४(संशोधन सहित) तथा नेपाल सरकार/प्रदेश सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।
५) मालसमानहरु रकमको सीमाभित्र रही यस अस्पतालको आवश्यक्ता अनुसार खरीद आदेश बमोजिम उपलब्ध गराउनु पर्नेछ। प्राप्त समानहरुको भुक्तानी पटक पटक वा एकमुष्ट गरिनेछ।
६) शिलबन्दी दरभाउपत्रमा पेश गर्न उल्लेख भए बमोजिमको थप कागजातहरु शिलबन्दी दरभाउपत्रमा संलग्न गर्नुपर्ने छ।
७) शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
८) विशेष जानकारीको लागि यस प्रादेशिक अस्पताल सिरहाको टेलिफोन नं. ०३३–५२०५३४ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।

**प्रादेशिक अस्पताल सिरहा**

# बलिवुड फिल्म धडकको सिक्वेलको घोषणा, सिद्धान्तको अपोजिट तृप्ती



काठमाडौँ, १७ जेठ। बलिवुडका फिल्म निर्माता एवम निर्देशक करण जोहरले फिल्म धड्कको सिक्वेलको घोषणा गरेका छन्। यो फिल्म 'धडक २' हुनसक्छ जुन सन् २०१८ मा जान्हवी कपुरको फिल्मको स्ट्यान्डअलोन सिक्वेल हुनेछ। यो फिल्म मार्फत 'एनिमल' फेम अभिनेत्री तृप्ती डिमरी पहिलो पटक करण जोहरसँग काम गर्दैछिन्। फिल्म 'गली ब्वाई' फेम सिद्धान्त चतुर्वेदी तृप्तीको अपोजिटमा देखिनेछन्। फिल्म धर्मा प्रोडक्सन, जी स्टुडियो र क्लाउड ९ पिक्चर्सको सहकार्यमा निर्माण हुन लागेको हो। यो वर्ष यो नोभेम्बर २२ मा रिलिज हुने छ। निर्माण पक्षले फिल्मको सेनेटिक १ मिनेटको टिजर सार्वजनिक गरेको छ। फिल्मको टिजरबाट कथा प्रष्ट हुन्छ। योसँगै यो फिल्म 'धडक' को सिक्वेल हो भन्ने थाहा भएपछि फेरि एकपटक दुई प्रेमी–प्रेमिका परिवारका लागि लड्ने देखिएका छन्।

'धडक' मराठी फिल्म 'सैराट' को रिमेक थियो। श्रीदेवीकी छोरी जान्हवी कपुरले सन् २०१८ मा 'धडक' बाट बलिउडमा डेब्यु गरेकी थिइन्। जसमा उनको अपोजिट इशान खट्टर देखिएका थिए। फिल्मको पछाडि शशांक खेतान र निर्माता करण जोहर थिए। यो २०१६ को मराठी फिल्म 'सैराट' को रिमेक थियो। ४१ करोडमा बनेको यो फिल्मले बक्स अफिसमा ११० करोड कमाएको थियो।

### इन्सपेक्टर

गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको, भन्सार चोरी निकासी पैठारीका लाखौंको सर सामानहरु बरामद गरी राजश्वमा बृद्धि उल्लेखनीय भूमिका निर्वाह गरेको र न्यायिक तथा अर्ध न्यायिक निकायहरुबाट दण्ड जरिवाना तोकिएका १०४ जना फरार प्रतिवादीहरु पत्राउ गर्न खटिएको टोली परिचालनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाले बैशाखको उत्कृष्ट प्रहरी घोषित गरेको हो। आफ्ना मातहतका प्रहरीहरुको मनोवल उच्च बनाउन तथा कार्यहरुको उचित मूल्यांकन गर्न जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्ला भरीका प्रहरीहरु मध्ये हरेक महिना उत्कृष्ट प्रहरी घोषणा गरिरहेको प्रहरी उपरिक्षक तिवारीले बताए।

### महिनावारी...

भन्ने जस्ता नाराहरु पनि रहेका थिए।

मेलामा श्री लेखनाथ माध्यामिक विद्यालय र लक्ष्मण ललिता कुशवाहा माध्यामिक विद्यालयका विद्यार्थीहरुद्वारा महिनावारी स्वच्छता सम्वन्धी नाटक प्रस्तुत गरीएको थियो भने नृत्य र महिनावारी सम्वन्धी वक्तृत्वकला समेत प्रस्तुत गरेका थिए। मेलामा आयोजक संस्था दलित जनकल्याण युवा क्लव र सहभागी विद्यालयको तर्फवाट स्टलहरु समेत राखिएको थियो।

*छोरीलाई विभेद नगरौं, समाजलाई कमजोर नपारौं*

## बालबालिकालाई पोलियो रोग विरुद्धको आई.पि.भी. खोप दिइने बारे सूचना



**यही जेठ १३ गते देखि २६ गतेसम्म देशभरी पोलियो रोग विरुद्धको आई.पि.भी. खोप अभियान सञ्चालन हुँदैछ। यस अभियानमा २०७३ साल बैशाख देखि २०७५ साल असोज महिनासम्म जन्मिएका बालबालिकालाई आई.पि.भी. खोप दिईदैछ।**

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

खोप केन्द्र र खोप अभियान सञ्चालन हुने मितिबारे विद्यालय वा स्वास्थ्य संस्थामा सम्पर्क गरेर थाहा पाउन सकिन्छ।

**थप जानकारीको लागि पैसा नलाग्ने नम्बर ११११५ मा फोन गर्न अनुरोध छ।**


**सुखीपुर नगरपालिका, सिरहा**

## सेतो पुतली देखि सावधान रहौं

### शापू कस्तो रोग हो ?

शापू एक दृष्टिनाशक रोग हो। विशेष गरी नेपालको मध्य पहाडी भेगमा शापू महामारीको रूपमा देखिने गरेको छ। यो रोगको लक्षणहरू देखापरेको ४८ देखि ७२ घण्टा सम्म उपचार हुन नपाए आँखाको दृष्टि गुम्न सक्छ। यो सबै उमेरमा देखिन्छ विशेषगरी बालबालिकामा बढी देखिन्छ।

### शापू रोग के कारणले लाग्छ ?



हालसम्म सेतो पुतली (मोथ) लाई शापूको कारक मानिएको छ तथापि कतिपय अवस्थामा भने सेतो पुतलीको संसर्गमा नआएका बिरामीहरूलाई पनि यो रोग देखा परेको छ। अन्य जीवाणु र बिषाणुले समेत यो रोग लागेको पाइएको छ।

### शापू रोगका लक्षणहरू के-के हुन् ?

- एक्कासि एउटा मात्र आँखा रातो हुनु र चिप्रा नलाग्नु
- उज्यालोमा हेर्न नसक्नु
- आँखा दुख्नु
- उपचारमा ढिलो भएमा कालो नानीमा सेतो देखिनु
- आँखाको दृष्टिमा तत्कालै कमी हुनु



### शापूको रोकथामा कसरी गर्ने ?

- सेतो पुतलीको संसर्गबाट टाढै रहने
- धेरै उज्यालो सेतो बत्ती नबाल्ने
- साँझ र राती झ्याल ढोका बन्द गर्ने
- सम्भव भएसम्म झ्याल ढोकामा जाली हाल्ने
- सुत्ने कोठामा बत्ती निभाएर वा मधुरो बत्ती बालेर झुल लगाएर सुत्ने

समयमै उपचार भएमा यो रोग निको हुन्छ तर ढिला हुन गएमा बिरामीको दृष्टि गुम्न वा आँखा सुकेर जान सक्छ। यो रोग लागेको शंका लागेमा तुरुन्तै अस्पताल वा आँखा उपचार केन्द्र जाऔं। आफूखुसी औषधी वा जडिबुटिको प्रयोग नगरौं।

**बरियारपट्टी गाउँपालिका, सिरहा**

## नेपाल विद्युत प्राविधिकरण

(नेपाल सरकारको स्वामित्व)

**वितरण तथा ग्राहक सेवा निर्देशनालय**

**मधेश प्रदेश, प्रादेशिक कार्यालय जनकपुर**

**मिर्चैया वितरण केन्द्र मिर्चैया**

**नेपाल बिद्युत प्राधिकरण, मिर्चैया वितरण केन्द्रको बती अवरुद्ध रहने सम्बन्धि जरुरी सुचना**

मिति २०८१/०२/१९ गते शनिबारको दिन कमला-कञ्चनपुर सडक बिस्तारको कममा पूर्व-पश्चिम राजमार्गको गोलबजार धर्मकाटा नजिक ११ के.भी. लाईनको पोल सार्ने कार्यको लागी बिहान ८ बजे देखि दिउसो २ बजे सम्म गोलबजार फिडर अन्तर्गतको पुरानो चोहर्वा वाहेकका सम्पूर्ण क्षेत्रहरुमा तथा मिर्चैया फिडरबाट बितरीत असनपुर, हरिपुर, बेतौना, बुढियाचाप लगायतका स्थानहरुको लाईन बन्द रहने ब्यहोरा सम्बन्धित सम्पूर्ण ग्राहकवर्गहरुमा जानकारीको लागी अनुरोध गरिन्छ। साथै यसबाट सेवाग्राहीहरुमा पर्न जाने असुबिधा प्रति ने.वि.प्रा. मिर्चैया वितरण केन्द्र क्षमाप्रार्थी छ।

**पुनःश्यः तोकिएको समयभन्दा काम अगावै सम्पन्न भएमा लाईन पनी सोही अनुसार सुचारु हुनेछ ।**

**ने.वि.प्रा.मिर्चैया वितरण केन्द्र**
**मिर्चैया, सिरहा**


# मधेस प्रदेशमा जेठ १९ र २० गते ‘श्रमाधान रोजगार मेला’ आयोजना गरिंदै




जनकपुर, १७ जेठ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालको रोजगारी परिदृश्यको विशेष आवश्यकतालाई सम्बोधन गर्न रणनीतिक रूपमा “श्रमाधान रोजगार मेला” डिजाइन गरेको छ। नागरिकको श्रम यात्रा र रोजगारीका बहुआयामिक आवश्यकतालाई एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्यले मेला सातै प्रदेशमा “श्रमाधान रोजगार मेला” आयोजना गरिएको हो।

मधेस प्रदेशमा यहि जेठ १९ र २० गते हुने मेलाको बारेमा जानकारी दिने उद्देश्यले बिहीबार जनकपुरधाम उद्योग वाणिज्य संघमा पत्रकार सम्मेलन आयोजना गरिएको हो। मधेस प्रदेशमा मेलाको आयोजना श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेश, जनकपुरधाम उपमहानगरपालिकाले संयुक्त रूपमा गर्दैछन्। सहआयोजक नेपाल उद्योग परिसंघ रहेको छ। जनकपुरधाममा दुई दिन चल्ने मेलाको उद्राटन श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले गर्नेछन्।

पत्रकार सम्मेलनमा बोल्दै श्रम मन्त्रालयका उपसचिव एंव मेलाका मधेस प्रदेश संयोजक दिपेन्द्र पौडेलले मेलाले श्रमिक र रोजगारदातालाई जोड्ने बताए। त्यस्तै, मेलाले रोजगार खोज्नेहरू, रोजगारदाताहरू र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर कार्यक्रमले नेटवर्किङ र रोजगारीको लागि अनुकुल वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गरेका छन्। ‘मेलाले नेपालको रोजगारी परिदृश्यमा सकारात्मक परिवर्तन ल्याउनेछ। यसले राष्ट्रलाई थप समृद्धि र सफलतार्फ लैजानसक्ने लचिलो र समावेशी जनशक्ति निर्माण गर्न सहज गर्छ’ उनले भने ‘मधेस प्रदेशमा हुने मेलामा बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा मागहरू संकलन गरिने छ।’

श्रम तथा यातायात कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले मधेस प्रदेशमा हुन गइरहेको श्रमाधान रोजगार मेलाले रोजगारदाता र श्रमिकहरूमा उत्साह थपिएको बताए। यो मेलामा सहभागिताका लागि ३५ स्टल राख्ने र ३० भन्दा धेरै स्टल बुकिङ भइसकेको पनि उनले जानकारी गराए। मेला भव्य र सफल बनाउन लागि सबै सरोकारवालाहरूलाई आग्रह गरे। मेला जेठ १७ मा कोशी प्रदेशको विराटनगरमा प्रधानमन्त्री पुष्पकमल दाहल प्रचण्डले उद्घाटन गरेसँगै सुरू भइसकेको छ। यो मेला ३० गतेसम्म सातै प्रदेशमा सञ्चालन हुनेछ। मेला हरेक प्रदेशमा २ दिन चल्नेछ। यो मेलाले रोजगार खोज्नेहरू र रोजगारदाताहरू बीच मध्यस्थताको काम गर्नेछ।

मेलामा श्रमिकको सबै खालको समस्या समाधानका लागि सञ्चालन गरिएको श्रमाधान योजना, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्ड लगायत विभिन्न खालका तालिम प्रदायक संस्थाहरुको पनि सहभागीता रहनेछ। साथै मेलामा सबै तहका श्रमिकको आवश्यकता र रोजगारदाताको आवश्यकताको बिषयमा छलफल गरिनेछ। मेलामा सामी परियोजना, रेमी योजना, उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, होटल व्यवसायी महासंघ लगायत सरोकारवालाको स्टल राखिनेछ।

# बजेटको प्रतिक्रियाबाट अर्थमन्त्री ‘सरप्राइज’

काठमाडौं, १७ जेठ। अर्थमन्त्री वर्षमान पुनले नीतिगत अस्थिरता कम गर्न थोरै क्षेत्रमा मात्रै करका दर हेरफेर गरेको बताएको छ। नेपाल आर्थिक पत्रकार संघ ( नाफिज) ले विहीबार काठमाण्डौमा आयोजना गरेको आउँदो आर्थिक वर्ष २०८१/८२ को बजेटमाथिको छलफल कार्यक्रममा अर्थमन्त्री पुनले करका दर हेरफेरबो यस्तो बताएको हो। पुनले देशको वर्तमान अर्थतन्त्रलाई चलायमान बनाउँदै नीतिगत स्थिरता समेत दिने गरी बजेट आएको दाबी गरे। देशमा सरकार र अर्थमन्त्री परिवर्तन भए पनि सरकारको नीति र बृहत् सोचमा परिवर्तन नआउने गरी बजेट ल्याएको उनको भनाइ थियो।

अर्थमन्त्री पुनले सबै जनाले बजेट सन्तुलित आएको भन्दा आफू अचम्मित भएको बताए। सबै मन्त्रालय र निकायहरूको मेहनत र सरोकारवालाको सुझावका आधारमा यस्तो बजेट ल्याउन सफल भएको उनले उल्लेख गरे। अर्थमन्त्री पुनले भने, ‘धेरै जनाले बजेट सन्तुलित आएको बताएका छन्। त्यसबाट म सरप्राइज भएको छु। म आफूलाई पनि तथ्यमा आधारित भएर बजेट आएकोजस्तो लाग्छ।’ यस्तै कार्यक्रममा निजी क्षेत्रले सरकारले ल्याएको बजेट यथार्थपरक र संयमित भएको प्रतिक्रिया दिएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बजेटमा निजी क्षेत्रको मागलाई समेट्दै अगाडि बढ्ने विषय सकारात्मक भएको बताउँदै कार्यान्वयनमा जोड दिन आवश्यक रहेको बताए। उनले बजेटमा समावेश भएका निजी क्षेत्रको मागको सफल कार्यान्वयन भए अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने उल्लेख गरे। अध्यक्ष ढकालले पुराना बजेटका कतिपय कार्यक्रम तथा नीतिलाई नयाँ बजेटले काट्नु भने दुःखद पक्ष भएको गुनासो गरे।

यस्तै नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बजेटले नयाँ चरणको आर्थिक सुधार कार्यक्रम अघि बढाउने र यसका लागि एक उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने घोषणालाई आफूहरूले सकारात्मक रूपमा लिएको बताए। उनले बजेटले सूचना प्रविधि क्षेत्रलाई प्राथमिकता दिँदै १० वर्षमा ३० खर्ब रुपैयाँको निर्यात गर्ने र पाँच लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य सकारात्मक रहेको बताए। यस्तै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले बजेट यथार्थपरक र संयमित भएको उल्लेख गरे। अर्थतन्त्रलाई चलायमान बनाउनका लागि बजेटको कार्यान्वयन भने चुनौतीपूर्ण रहेको उनको भनाइ छ।

## मधेशका ९५...

विगत ६ वर्षदेखि सम्पर्कमा नरहेको पाइएको मन्त्रालयले जनाएको छ।

मुलुक संघीय व्यवस्थामा गएपछि जिल्ला सहकारी कार्यालयहरूमा आवद्ध रहेका सहकारीहरूलाई स्थानीय तह र प्रदेश सरकार मातहतको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत आवद्ध गरिएको थियो। एउटा पालिकामा मात्र सीमित रहेका सहकारीलाई सम्बन्धित पालिकामा तथा एकभन्दा बढी पालिका वा एकभन्दा बढी जिल्लामा कार्यक्षेत्र रहेका सहकारी संस्थालाई प्रदेश सरकारको मातहत रहने व्यवस्था गरिएको थियो। सोहीअनुसार संघ सरकारले ल्याएको सहकारी ऐन २०७४ लागू भएपछि मधेश प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा ८ सय २२ वटा सहकारी संस्थाहरू हस्तान्तरण गरिएको थियो।

ती सहकारी संस्थाहरूले प्रदेशको भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको सहकारी महाशाखामा आफ्नो मासिक प्रतिवेदन बुझाउनुपर्ने प्रावधान छ। तर प्रदेश सरकारले सहकारीसम्बन्धी कानुन बनाउन ढिला गरेपछि त्यसको फाइदा उठाउँदै सहकारीहरूले आफुखुसी कार्य गर्दै आएका छन्। प्रदेश सरकारले प्रदेश सहकारी ऐन २०७९ असोजमा र सहकारी नियमावली २०८० गत फागुन १५ गते बनाई कार्यान्वयमा ल्याइसकेको छ। त्यसपछि सहकारीहरूलाई कडाइ तथा अनुगमन थालेपछि ७ सय ८२ वटा सहकारी संस्था लामो समयदेखि सम्पर्कविहीन रहेको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सहकारी राजिष्ट्रार राममणि अधिकारीले बताए।

प्रदेशमा हस्तातरण भई आएका ८सय २२ वटा सहकारीमध्ये अहिले २ सय १५ वटा मात्र सहकारीले नियमति रुपमा मासिक प्रतिवेदन बुझाउने गरेको उनले बताए। त्यसैगरी ५० वटा सहकारी मात्रै नियमति रुपमा कोपोमिस प्रणालीमा नियमित विवरण बुझाउने गरेको अनुसन्धानमा भेटिएको राजिष्ट्रार अधिकारीले बताए। मन्त्रालयले पहिलो चरणमा ४ जिल्लामा अनुगमन गर्दा सिरहाका १२१, सप्तरीका ९४, धनुषाका ५६ र महोत्तरीका ३९ गरी ३१० वटा सहकारी संस्था सम्पर्क विहीन पाइएको रजिष्ट्रार अधिकारीले बताए। दोस्रो चरणमा ४ जिल्लामा अनुगमन गर्दा पर्सामा ८५, बारामा ११२, रौतहटमा ८३ र सर्लाहीमा १९२ गरि ४७२ वटा सहकारी सम्पर्क मा नरहेको पाइएको उनले बताए।


पूर्ण खोप, सुरक्षित भविष्य
राष्ट्रिय खोप कार्यक्रम

## बालबालिकालाई पोलियो रोग विरुद्धको आई.पि.भी. खोप दिइने बारे सूचना



**यही जेठ १३ गते देखि २६ गतेसम्म देशभरी पोलियो रोग विरुद्धको आई.पि.भी. खोप अभियान सञ्चालन हुँदैछ। यस अभियानमा २०७३ साल बैशाख देखि २०७५ साल असोज महिनासम्म जन्मिएका बालबालिकालाई आई.पि.भी. खोप दिईंदैछ।**

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

खोप केन्द्र र खोप अभियान सञ्चालन हुने मितिबारे विद्यालय वा स्वास्थ्य संस्थामा सम्पर्क गरेर थाहा पाउन सकिन्छ।

**थप जानकारीको लागि पैसा नलाग्ने नम्बर १११५ मा फोन गर्न अनुरोध छ।**

**औरही गाउँपालिका, सिरहा**



## तातो हावा “लु” बाट जोगिने उपाय

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail :* mgnd2070@gmail.com **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)